बैठक संख्या: ८

आज मिति २०८०।१०।२६ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |

बैठक मिति :२०८०।१०।२६

निर्णयहरु :

१. नदीजन्य पदार्थ व्यवस्थापन सम्वन्धमा।

स्थानीय राजश्व परामर्श समितिको मिति २०८०/०९/११ को बैठकबाट सिफारिस भए बमोजिम चालु आ.व.२०८०/०८१ को लागि यस नगरपालिका अन्तर्गत निम्नानुसारका खोलाहरुबाट उत्खनन् तथा संकलन गरिने नदीजन्य पदार्थको परिमाण देहायबमोजिम कायम गरी ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो।

तपसिल :-

| क्र.सं. | उत्खनन् तथा संकलन गरिने स्थान | परिमाण (घन मि.) | न्युनतम ठेक्का अङ्क (प्रति घ.मि. रु.२८२।२४ का दरले) |
|---|---|---|---|
| १. | सुरही खोला प्याकेज-४ (हल्लानगर पुलबाट ३०० मिटर तलदेखि कृष्णनगर नगरपालिकाको सिमाना सम्म) | २१,००० घ.मि. | ५९,२७,०४०/- |
| २. | चिरई खोला प्याकेज-२ (चिरही खोला राजकुलो बाँधको ३०० मिटर तलदेखि विजयनगर गा.पा.को सिमाना सम्म) | १६,८०० घ.मि. | ४७,४१,६३२/- |

२. अर्धवार्षिक समिक्षा सम्वन्धमा।

यस नगरपालिकाको चालु आ.व.२०८०/०८१ को पौष मसान्त सम्म विभिन्न विषयगत शाखाहरुबाट भएको भौतिक तथा वित्तिय र कार्यक्रमगत प्रगती सहित अर्धवार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरियो।

३. विभिन्न कार्यविधिहरु सम्वन्धमा।

विधेयक समितिबाट सिफारिस भई आएका देहायबमोजिमका कार्यविधिहरु स्वीकृत गरी लागु गर्ने निर्णय गरियो।

तपसिल :-

क. पशु सेवा कार्यक्रम संचालन कार्यविधि,२०८०

ख. एकिकृत प्रारम्भिक बालविकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०

ग. नगर युवा परिषद संचालन तथा व्यवस्थापन कार्यविधि,२०८०

घ. नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० (प्रथम संसोधन,२०८०)

४. अख्तियारको २२ बुँदे तथा अन्य निर्देशन र सुझाव उपर छलफल सम्वन्धमा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगाल, काठमाण्डौबाट मिति २०८०।०७।१६ मा जारी २२ बुँदे सुझाव तथा निर्देशन र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.४३४,मिति २०८०।१०।२३ को पत्र साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव र निर्देशन् सम्वन्धमा गहन छलफल गरियो र प्राप्त सुझाव तथा निर्देशनको पालना र कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

बैठक मिति :२०८०।१०।२६

**५. सुधारिएको चुल्हो योजनाको लागत सहभागिता सम्वन्धमा।**

हरित जलवायु कोष र बैकल्पिक उर्जासँगको साझेदारीमा शिवराज नगरपालिकामा आगामी ५ वर्ष भित्र विद्युतिय चुल्हो ८ हजार थान, सुधारिएको चुल्हो ५ हजार थान र वायोग्याँस ५० थान वितरण गर्न सम्झौता गर्ने र साझेदारीको रकम नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो।

**६. मुख्यमन्त्री नवप्रवर्तन योजना छनौट सम्वन्धमा।**

आ.व.२०८१/०८२ को लागि मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम अन्तर्गत देहायबमोजिमका योजना/कार्यक्रम छनौट गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिस सहित पठाउने निर्णय गरियो।

तपसिल :-

- फोहोरमैला/ डम्पिङ्ग साईट व्यवस्थापन, शिवराज नगरपालिका।

**७. तराई मधेस समृद्धि कार्यक्रमको योजना छनौट सम्वन्धमा।**

आ.व.२०८१/०८२ को लागि तराई मधेस समृद्धि कार्यक्रम अन्तर्गत देहायबमोजिमका योजना/कार्यक्रम छनौट गरी संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने निर्णय गरियो।

तपसिल :-

- चोरखोला खानेपानी आयोजना, वडा नं.१
- नेपाल आदर्श मा.वि. भौतिक पूर्वाधार निर्माण, वडा नं.१
- चन्द्रौटा अधुरो वसपार्कको भौतिक पूर्वाधार निर्माण, वडा नं.५
- शिवराज खेलमैदानको भौतिक पूर्वाधार निर्माण, वडा नं.५
- बसन्तपुर हनुमान मन्दिरमा धर्मशाला निर्माण, वडा नं.४
- थारु संग्राहलयमा सामुदायिक भवन निर्माण, वडा नं.१
- मदरसा अरबिया नुरुल अलुम जवाभारी भौतिक पूर्वाधार निर्माण, वडा नं.७
- चन्द्रौटा उध्योग बाणिज्य संघ बहुउदेश्यीय भवन निर्माण, वडा नं.५
- पिपरी अधुरो शिव मन्दिरको भौतिक पूर्वाधार निर्माण, वडा नं.६
- मदरसा जियाउलुम अल्सफिया कुदरबेटवा अधुरो भवन निर्माण, वडा नं.६
- नयाँवस्ती दुर्गा मन्दिरमा अधुरो धर्मशाला निर्माण, वडा नं.११
- मदरसा दारुलउलुम अनावरुल कुरान आधारभूत विध्यालय चनईको अधुरो भवन निर्माण,वडा नं.४
- मदरहवा सामुदायिक भवन निर्माण, वडा नं.२
- नौडिहवा दुर्गा मन्दिरमा धर्मशाला निर्माण, वडा नं.५
- विसुनपुर गाउँमा सामुदायिक भवन निर्माण, वडा नं.८
- सोनवागढ मन्दिरको भौतिक पूर्वाधार निर्माण, वडा नं.३
- बेलौती दुर्गा मन्दिर पूर्व सामुदायिक भवन निर्माण, वडा नं.१

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा,कपिलवस्तु लुम्बिनी प्रदेश

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

- जनता आधारभूत विध्यालय लालपुरको भौतिक पूर्वाधार निर्माण, वडा नं.१०
- निविहवा सामुदायिक भवन निर्माण, वडा नं.७
- शिवगढी सामुदायिक भवन निर्माण, वडा नं.९

**८. समपूरक र विशेष अनुदानका योजना छनौट सम्वन्धमा।**

आ.व.२०८१/०८२ को लागि संघीय समपूरक र विशेष अनुदान अन्तर्गत देहायबमोजिमका योजना/कार्यक्रम छनौट गरी राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो।

संघीय समपूरक अनुदान :-

- अधुरो शिवराज रिङ्गरोड निर्माण, शिवराज नगरपालिका

संघीय विशेष अनुदान :-

- जवई खोला सिंचाई आयोजना, वडा नं.१
- कन्चनिया खोला सिंचाई आयोजना, वडा नं.१० र ११
- खैरीताल सौन्दर्यकरण, वडा नं.५
- सुरही खोला अधुरो सिंचाई आयोजना, वडा नं.२ र ८

**९. सडक बोर्डबाट कार्यान्वयन हुने योजना छनौट सम्वन्धमा।**

आ.व.२०८०/०८१ को लागि सडक बोर्ड नेपाल अन्तर्गत देहायबमोजिमका योजना/कार्यक्रम छनौट गरी सडक बोर्ड नेपालमा पठाउने गर्ने निर्णय गरियो।

तपसिल :-

- खरेन्द्रपुरदेखि महाराजगंज सडक खण्डमा सडक मर्मत, वडा नं.११
- उत्तर रहटकोल-बुलकिया-मैनार सडक मर्मत, वडा नं.३
- जवाभारीदेखि बालानगर हुँदै मोतिनगर जाने सडक मर्मत, वडा नं.७
- धर्मनगर चोकदेखि आधारभूत विद्यालय सम्म नाली सहित बाटो मर्मत, वडा नं.६
- बरगदवा कटुवा सडक मर्मत, वडा नं.४
- आर.टि.ओ. कालोपत्रे सडक र आर.टि.ओ. देखि हुलाकी सडक मर्मत, वडा नं.९
- लालपुर विद्यालयदेखि दक्षिण चमरडिहवा जाने सडक मर्मत, वडा नं.१०
- दुर्गा मन्दिर रहटकोल सडक मर्मत, वडा नं.५
- हल्लानगर पिचबाटो देखि ३ नं. टोल सरिताको घरसम्म र ४ नं. टोल मनमाया घर्ति मगरको घरदेखि यम बहादुरको घरसम्म सडक मर्मत, वडा नं.२
- विसुनपुर गाउँदेखि पुर्व खानेपानी भवन सम्म सडक मर्मत, वडा नं.८
- शिवपुर कालोपत्रे सडक मर्मत, वडा नं.१

**१०. करार कर्मचारीको म्याद थप सम्वन्धमा।**

यस नगरपालिका अन्तर्गत नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, बर्थिङ्ग सेन्टर, शहरी स्वास्थ्य क्लीनिक, आधारभूत स्वास्थ्य सेवा अस्पताल लगायतमा कार्यरत सम्पूर्ण करार सेवाका कर्मचारीहरुको करार म्याद मिति २०८१ असार मसान्त सम्म थप गर्ने निर्णय गरियों।

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा कपिलवस्तु लुम्बिनी प्रदेश

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

बैठक मिति :२०८०।१०।२६

११. भुकम्प प्रभावित राहत वितरणको खर्च सार्वजनिक सम्वन्धमा।

मिति २०८०।०७।२२ को कार्यपालिका बैठकको निर्णयानुसार जाजरकोट जिल्लाका भुकम्प प्रभावितलाई राहत वितरण गर्न यस नगरपालिकाका जनप्रतिनिधिहरुको ३ दिनको सेवा सुविधा बराबरको रकम र शिक्षक तथा कर्मचारीहरुको न्युनतम मासिक तलबबाट १ दिन बराबरको रकम कट्टा गरी जाजरकोट जिल्लाको नलगाड नगरपालिकाका भुकम्प प्रभावित नागरिकहरुलाई राहत सामाग्री वितरण गरि सकिएको र उक्त राहत वितरणमा भएको देहायबमोजिमको आम्दानी तथा खर्च सार्वजनिक गरी अनुमोदन गरियो।

<u>तपसिल</u> :-

| आय तर्फ | | | व्यय तर्फ | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आय विवरण | रकम रु. | क्र. सं. | खर्च शिर्षक | परिमाण | दर रु. | रकम रु. |
| १. | जनप्रतिनिधिहरुको ३ दिनको सेवा सुविधा | १,००,९००/- | १. | बल्याङ्केट | ३०० थान | १,८५०/- | ५,५५,०००/- |
| २. | पालिकाका स्थायी कर्मचारीहरुको १ दिनको तलव | ४१,०६९/- | २. | चिउरा प्याकेट | २५० प्याकेट | ३,६०/- | ९०,०००/- |
| ३. | पालिकाका स्थायी स्वास्थ्यकर्मिको १ दिनको तलव | ५५,८६५/- | ३. | ढुवानी भाडा. | आतेजाते एकमुष्ठ | | ४४,३३७/- |
| ४. | सामुदायिक विध्यालयका सवै शिक्षकहरुको १ दिनको तलव | ५,२५,३६१/- | | जम्मा खर्च रु. | | | ६,८९,३३७/- |
| ५. | पालिकाका सवै करार कर्मचारीको १ दिनको तलव | ९१,४५६/- | | बचत रु. (बचत रकम नगर विंपद व्यवस्थापन कोषमा राखिएको) | | | १,२५,३१४/- |
| | कुल जम्मा रु. | ८,१४,६५१/- | | कुल जम्मा रु. | | | ८,१४,६५१/- |

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख